# कारोबारको आधारमा लाग्ने कर (TURNOVER TAX) D-02 को आय विवरण र कर कसरी गणना गरी दाखिला गर्नु पर्छ ?

बासिन्दा प्राकृतिक व्यक्तिले नेपालमा श्रोत भएको व्यवसायबाट प्राप्त आयमात्र भएको, व्यवसायबाट प्राप्त करयोग्य आय १० लाख रुपैयाँ र व्यवसायको कारोबार ३० लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँभन्दा घटी भएको र चिकित्सक, इन्जिनियर जस्ता पेशाविद् बाट प्रदान गर्ने परामर्श तथा विशेषज्ञ सेवा बापतको आय नभएको करदाताको हकमा देहाय अनुसार खण्ड (क) र (ख) वा (क), (ख) र (ग)को जोड बमोजिमको कर दाखिला गर्नु पर्दछ । [आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४क)]

**खण्ड (क) - रु. तीस लाख रुपैंया सम्मको कारोबारमा**

| व्यवसाय हुने क्षेत्र | कर रकम रु. |
|---|---|
| महानगरपालिका वा उपमहानगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्ति | ७,५००।- |
| नगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्ति | ४,०००।- |
| माथि उल्लिखित क्षेत्र बाहेक अन्य क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्ति | २,५००।- |

**खण्ड (ख) - रु. तिस लाख रुपैंयाभन्दा बढी रु.पचास लाख रुपैंयासम्मको कारोवारमा**

| व्यवसायको प्रकार | कर दर |
|---|---|
| ग्याँस, चुरोट लगायतका तीन प्रतिशतसम्म कमिशन वा मूल्य थप गरी वस्तुको कारोवार गर्ने व्यक्तिलाई तीस लाख रुपैंया भन्दा बढी रु.पचास लाख रुपैंयासम्मको कारोवार रकममा | ०.२५ प्रतिशत |
| माथि उल्लिखित व्यवसाय बाहेकको व्यवसाय गर्ने व्यक्तिलाई तीस लाख रुपैंया भन्दा बढी रु.पचास लाख रुपैंयासम्मको कारोवार रकममा | १ प्रतिशत |
| सेवा व्यवसाय गर्ने व्यक्तिलाई तीस लाख रुपैंया भन्दा बढी रु.पचास लाख रुपैंयासम्मको कारोवार रकममा | २ प्रतिशत |

**खण्ड (ग) - रु.५० लाख रुपैंयाभन्दा बढी रु.१ करोड रुपैंयासम्मको कारोवारमा**

| व्यवसायको प्रकार | कर दर |
|---|---|
| ग्याँस, चुरोट लगायतका तीन प्रतिशतसम्म कमिशन वा मूल्य थप गरी वस्तुको कारोवार गर्ने व्यक्तिलाई पचास लाख रुपैंया भन्दा बढी रु. एक करोड रुपैंयासम्मको कारोवार रकममा | ०.३ प्रतिशत |
| माथि उल्लिखित व्यवसाय बाहेकको व्यवसाय गर्ने व्यक्तिलाई पचास लाख रुपैंया भन्दा बढी रु. एक करोड रुपैंयासम्मको कारोवार रकममा | ०.८ प्रतिशत |
| सेवा व्यवसाय गर्ने व्यक्तिलाई पचास लाख रुपैंया भन्दा बढी रु. एक करोड रुपैंयासम्मको कारोवार रकममा | २ प्रतिशत |

**कारोबारको आधारमा कर (Turnover Tax - TOT) तिर्ने व्यक्तिले देहाय बमोजिम दुई किस्तामा कर दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ ।**

| दाखिला गर्नु पर्ने मिति | दाखिला गर्नु पर्ने कर रकम |
|---|---|
| **पुस महिनाको अन्त्यसम्म** | पुस २० गते सम्मको कारोवारमा तोकिएको दर अनुसार लाग्ने कर |
| **असार महिनाको अन्त्यसम्म** | असार २० गते सम्मको यथार्थ कारोवारको आधारमा असार महिनाको अन्त्यसम्म हुने कारोवार अनुमान गरी तोकिएको दर अनुसार लाग्ने करको गणना गरी सो कर रकमबाट पुस मसान्तभित्र दाखिला गरेको कर घटाई हुन आउने कर रकम । |